# ऐतिहासिक पत्रस्तम्भ ।

| | |
|---|---|
| श्री ५ सरकार | श्री ५ बादशाह |
| १ | २ |
| श्री सूर्य | श्री छ्यास्कामिनी |
| ३ | ४ |

अर्जि ... ... ... ... ... ... .... उप्रान्त महाराज भाद्र वदि १४ रोज ३ मा लेखियाका करुणा कृपा रुक्का वडापत्र २ शुद्ध भाद्र शुदि ३ रोज १ मा आइपुग्या टक मान्र्या कुरामा अम्बाहरूबाट केहि कुराका-हानी चलाया भन्या अघि तिमीलाई लेखियाबमोजिम गर्नु चादी टक १ के मोहोरु ९ का दर्ले रु. चादी ली रुपैया कपतानलाई येस दर्ले चादी लिया हामीलाई नोक्सान हुन्छ भन्या हाल तेसै दर्मा चादी ली रुपैया देउ पछि तिमीहरूका रुपैया फिर्ता गरि चादि…१…मा रहला भन्ने ताहा बतीस-कोठीका नाउमा रुक्का गरी यसै चीठीमा खामी पठायाको छ स्व रुक्का दस्खत माहाजनहरूलाई दी हाल ९ मोहोरका दर्ले चादी ली रुपैया देउ नोक्सान पर्छ भन्छौ भन्या पछि तिम्रा रुपैया फिर्ता गरी हामी लिउला भन्ने करार गरी माहाजनसित रुपैया ली अम्बाहरूलाई रुपैया दिन्या काम गर्नु हुकुम भै लेखिआयाका वडा रुक्कापत्रको दर्शन गरी अर्थ बुझी शिर चढाया टक मान्र्याका बेहोरामा हिजआज अम्बाहरूले मलाई केहि भनिपठायाका छैनन् भन्न आया भने यो कुरो हुन्यै हो भन्नु मात्र अघि लेखि बक्सिआया-बमोजिम हामीलाई नोक्सान नपर्न्या बेहोरामा चिनियाहरू पस्या भने सोबमोजिम कुरा हामी गरुला चादि लि महाज-नहरूबाट रुपैया झिकि माहाजनहरूलाई दिनु भन्ने बेहोराको रुक्का दस्खत हाल नसिद्धिदा पटाउन्या काम भएन छाप भै सिद्धियापछि पठाउन्या काम होला रुक्का आइपुग्यापछि यसै चिठिमा लेखियाबमोजिम गर्नु भनि हुकुम भै छुट्टा पुर्जीमा लेखिबक्सिआयाका बेहोरामा स्व रुक्का दस्खत आइपुग्यापछि स्व बमोजिम गर्न्याछु औ ...२... दर्बारको ...१...दर्बारदेखि प्रतित मानी गोर्षा ...१... को माल असवाफ धेरै रह्याको छ यहाँ भने डाकु पनि लागन्या बीचबीचमा अनेक तरहको उपद्र पनि निस्कन्या याहा म बस्याका इलाकाभरमा चोरी डाका केहि परी तपाईका मुलुकमा रह्याको गोर्षा...१... को माल असबाफ बितलव पर्न आयो भन्या साना कुराले ठुलो कुरो पर्न जाला यस निमित्त तपाईहरूबाट यो मालको हिफाजत पनि पाउला केहि सन्देह मान्नुपर्दैन भन्नुहुन्छ भन्या माल रह्याकै छ तेसो भन्न ता सक्नुहुन्न भन्या जो चाहिन्या घोडा षाल्मा दी स्व माल सिवानास्म पुर्‍याईदिनुहोला भन्या कुरा गर्नु भन्ने हुकुम भै बक्सिआयाका बेहोरामा हिजआज काजीहरूका भोजका अलमलले कास्यालमा आयाका छैनन् कास्यालमा आयापछि म गै यो बेहोरा सबै भनुला र के जवाफ दिन्छन् सो बिन्ति पछि चढाइपठाउला हाल छोकपा काजी मर्‍याको र सेठे काजीको छोरा भाग्याको षवर हाम्रा ...१...मा अनेत्रबाट थाहा भयो भन्या ममाथि हाम्रा...१... बाट साह्रै रिसानी हुन्याछ किनभन्या भोटमा वकील भै म बस्ने अनेत्रबाट भोटको हालखवर सुनिन्या तिमी भन्या केहि नलेषन्या अनि मलाई हप्की भै आयापछि मैले कसो गर्न्या हो येस कुरामा मैले कसो लेषिपठाउ भन्ने कुरा ४ काजीहरू सित गर्नु र उनीहरूले भन्याका कुरासमेत ताहा जो पाया-सुन्याको हालखवर लेखिपठाउन्या काम गर भनी सेवकमा सिक्षे हुकुम बक्सि आयाका बेहोरामा अघि सँजु काजीसित भोट सरकारका भारादार पनि काटिया चिकेषेम्बुसित लडाई गर्नुपर्‍यो येसो भयाको इनिहरूले के बिराया इनिहरूले गर्‍याको मुद्दा मैले केहि थाहा पाइन गोर्षा ... १ ... दोस्ती जानी ई मानिस मर्‍याको झगडा भयाको मलाई तपाईहरूले कहनुपर्‍यो हो गोर्षा ... १ ... मा पनि भयाभरको बेहोरा लेखि

अर्जि चढाजनुपर्न्या हो भनी मैले भन्या र निज सेंजु काजीले यो बेहोरा सबै छोकपा काजी मन्यादेखि चिकेषेम्बु भयासंमको बेहोरा सबै मसित विस्तार गऱ्या यो बेहोरा सबै गोर्षा ..१.. मा अर्जि लेषि चढाउनुपर्नेछ भन्या यो बेहोरा सबै मैले शुद्ध भाद्र शुदि २ रोज ७ मा चढाइपठायाका अर्जिबाट जाहेर होला बांकी अघिपछि पनि ७।७ दिन बिराई चिठी लेख्नु भन्ने तिमीलाई अघि हुकुम बक्स्याको हो भोटमा तेत्रो षलबल पर्दा पनि मैन्हादिनभित्रमा १ चिठी आउँदैन तिमी वकिलि मै बस्याको के सार भयो चिठी लेषि चह्राइ-पठाउदा तिम्रा घरघरानामा षर्च पर्दैन भन्यापछि चिठी लेषि चह्राइपठाउनामा ढिलायाको के कारण हो अबउप्रान्त ७।७ दिनमा चिठी आइपुगेन भन्या तिमीलाई जरिवाना मै आउला भनि सेवकपर दया करुणा राषि सिछे हुकुम बक्स्याको बेहोरामा याहा भोटका दरवारमा छोकपा काजि-लाई राति षोलामा हालि मान्यादेषि चिकेषेम्बुसंग लडाइ गरि इन्का मसौदिया र राजा लामाको झ्यासा सेठको छोराहरूलाई नेल गलफन्दी हालि छुट्युचै छआत्या इ २ लाइ षोलामा हालि येस्ता मुद्दा बेहोरामा मा-या भनि तहकियातको तहकियात गल्वाको गल्वा छुंट्याइ गंधे गुम्वामा लडाइ भयाको दिनदिनको हालसमेत अर्जि लेखि चह्राइपठायाको हो भोटषाका मुलुकका घरको बात बुझ्ना-लाई कठिन हुन्या केहि खर्च गरि कुरो बुझ्नुपर्न्या सो षर्च स्याहामा दरौं भन्या बेमुनासिब पर्न्या याहाबाट मैले रामना गर्दा मैनाका ३।४ अर्जि रमना हुन्थ्या भोटमा यो षलबल पर्दा बरोबर अर्जि चह्रायाको छु अबउप्रान्त पनि हुकुम मै बक्स्याबमोजिम सेवकले गर्नुपर्छ औ अव फेरि पनि तम्रा घरपट्टि तारो हान्न याग्या भने हान नहान केहि नभन्नु आफुले ढोका थुनि चुप लागि बसिरहनु तारो हानिसक्या-पछि हजार भोट्यामा यो हो भनि हामि चिन्ह सक्न्या छैनौ त्यो मानिसलाइ नचिनि भोट सरकारबाट सजाये हुन्याछैन २ पल्ट मैले सह्या अब र इनिहरूले मार्नन् भन्या मलाइ निश्चय भयो'''२'''लाइ र गोर्षा...१...ले ... ३ ... समान मान्याको छ भोट गोर्षा दुबै...२...मान्या हुन् ... २...लाइ मान्येछन् भोट्याले अर्षेलि गऱ्याको जवाफ गोर्षाले दिन्या-छन् गोर्षाले अर्षेलि गऱ्याको जवाफ भोट्याले दिन्याछन् यो कुराको बेवस्ता दरवार दरवार जान्नन् म ता गोर्षाको ...१...को वकीलि हुं मेरो वेयजत भयाको होइन गोर्षाका ...१...को हो गोर्षा...१...को वेइजत हुन्या मेरो ज्यु ज्यान्या भयापछि अब म बस्न सक्तिन भन्या कुरा कास्या-लमा गर्नु र येस कुराको बेस गरि निसाफ गरिदिया भने चुप लागिरहनु निसाफ गरिदिएनन् भन्या विदा मै आउन्या काम गर्नु भनि हुकुम बक्सिआयाका बेहोरामा यो कुरा अघि अधिक भाद्र वदि ६ रोजमा कास्यालमा गै सैंजुं ढुंवा राकस्या ई ३ काजिहरूसित भैंबुं गुम्बा मध्ये लोस्येलिका वाडाहरू म बस्याका घरमा आइ बन्दुकले तारो हान्या र मानिसलाइ लागला यहाँ नहान भनि मैले भन्दा गोलि हालि भन्याको बन्दुक मतिर फर्काइ ताकि हान्न लाग्यो र उनै वाडाहरू मध्ये एउटा वांडाले मलाइ दाग्याको बन्दुक समाइ फर्काइदियो येस कुराको निसाफ गरिदेउ भन्दा लोस्येलिमा २।३ हजार वांडा छन् हामि चिन्ह सक्तैनौ कसलाइ पक्रि सजाये गरौं यो कुरा कपतान साहेवले छाडि-दिनुहवस् भन्ने जवाफ दिया र येस मुलुकका मालिक तिमी-हरू हौ तिम्रा मुलुकका मानिस तिमीहरूले चिन्ह सक्तैनौ भनि कोहि पत्याउन्या छैन येस कुराको पुर्पछे नगर छाडि-दिन्छु भन्न म सक्तिन मलाई हान्याको भया म मरिजान्थ्या आज पुर्पछे गरिदेउ भन्दा हामि मानिस चिन्ह सक्तैनौ भन्ने जवाफ तिमिहरूले दियापछि गोर्षा...१...को वकीलि छु येस कुराको पुर्पछे भोट गोर्षा....१...जान्नन् भन्ने जवाफ दि आयां फेरि पनि मेरा घरतिर फर्कि तारो हान्न आया भने हुकुम बक्सिआयाबमोजिम गर्न्याछु औ राजा लामा र ४ काजिहरूले किकेषेम्बु सेठेकाजिको छोराका मुद्दाको कुरा पैले तिमिसंग गऱ्या भने मात्र तिमिले चिकेषेम्बु सैठेकाजिको छोरासंग तपाईहरूको तकार भएछ तकार भन्याको विरा-नासंग पो हुनुपर्छ घर आफसमा लडि काटाकाट गर्नु वढिया छैन भन्ने बेहोरा गरि मिल्छन् र तिमिलाइ धर्मपत्र गरि-दिन्छन् भने स्व बेहोरा गर्नु भन्ने हुकुम बक्सिआयाका बेहोरामा चिकेषेम्बुहरू अघि मरिसकिये सेठको छोरो काजिलाइ नेल हालि थुनिराख्याको थियो यिनलाइ पनि हिजआज ता मान्या भन्ने भित्रिसंछेप गल्वा गर्छन् जाहेर भयाको छैन येस कुराको तहकियात भयापछि विन्ति चढा-उन्याछु औ याहांको हालसुरथ कपतान चन्द्रमान कार्कि छेत्रि र सिम्बुमा बस्ने देवाधर्मको लामा इनिहरू केरुंमा आयाछन् कैले भन्या दुकपाका मुलुकमा जान्छौं कैले भन्या अफिमका बेहोरामा ह्लासा जान्छौं घोडाषाल्मा चाहिन्छ

भन्या ठेगानका कुरा नगरि ताहिंबाट नेपालतर्फ फर्किगया ति कपतान ताहासंम आइ फर्किगयाको केन होला भनी सैजुं काजिले मसंग भन्या र ति कपतान केरुसंम आइ फर्किग-याको मुद्दा बेहोरा मलाई केहि थाहा छैन अफिमका महलका बेहोरामा मानिस पठाउँला भंने अघि हुकुम मंजि भै आयाको थियो तसर्थ अफिमका बेहोरामा आयाका हुनन् कि भने जस्तो लाग्छ भन्ने मुखजवाफ दियाँ हिजअघि गोर्षा र दुकपा मिले भन्ने भित्रिसंछेप इनिहरूका मनमा थियो आज देवाधर्मको लामा लि दुकपाको देसतर्फ जान्छौं भन्दा भोट सरकारको मनमा निश्चै पर्न गयो हिजआज हजुरमा अंजि र असल घोडा चढाई पठाउछौं भनि घोडा तलास गर्न लागिरहेछन् हिजआज ह्लासामा असल घोडा भने छैन र अम्बाहरूले आगे साललाई गोर्षा...१...का काजि मामुलित बुझाउन आउनलाई कसो हो भनि चिनमा साधनलाई अंजिको मसौदा गर्न लागिरहेछन् साजसबेरमा चिनतर्फ रमना गरि पठाउन्याछन् ...४...का स्थानमा सिंगका च्यापुबाट पानि चुहेका बेहोरामा लडाइं रोग ठठ्ला भन्ने ठहरायाका छन् सो शान्ति निकरान् निमित्त दिनमा ५०।५० वांडा धर्म गर्छन् भोट सरकारबाट गाउँ गाउँका घट्टमा विस षाल गहूं दि तिस षाल सत्तु बुझिलिन्छन् फेरि वारुत पनि पिधाउन लागिरह्याछन् लडाइं भयो भन्या गोर्षातर्फ होला भन्ने संखा गरिरहेछन् यहांका भेमसेन जान्या लामा-हरू सबैले यो समय घटिया छ लडाइं रोग ठूलो होला भन्छन् भन्ने गल्बा गर्छन् हिजआज ह्लासाको हालसुरथ येहिसंम छ पछि जो परिआउला बराबर विन्ति चढाइ पठाउन्या छु सेवक अनाथका अंजिको बेहोराभा केहि बेहोरा घटबढ पऱ्याको होला क्षेमा करुणा राखिबक्स्याजावस् शुभमस्तु शुभम् ।

स्वस्ति श्री सर्वोपमानोपमेय शौर्योदार्यादि सकलसद्‌गुण-गणालंकृतराजिराजितराजभारोद्धरणसामर्थ्य श्री श्री श्री श्री श्री मत् कमान्या इन चिफ जनरल साहेव भीमसेन थापाजीक योग्येषु इतः बालांशकरस्य सहस्राशीर्वादपूर्वक पत्रमिदम् । अत्र कुशलं तत्र भवतां सर्वांगेषु कुशलं वांछामि । अग्रे वृत्तान्तम् । अर्सा महीनै २ का हुवा । मेरा अर्जी सर-कार के चरणमे नहीं पहोंची । गरीव पर्वर मेरे । वन्दा अपनै छोटे भाइका शादी कर्नेके वास्ते पटियालेमे गया हुवा था । सो सरकारकै इकवालसे । वखूवी शादी कर्कै दिल्लीसे हाजिर हुवा हुं । ज्येष्ठ वदि ४ रोजमे वैद्यराज राजकृष्णजी दिल्ली के डेरे दाखिल हुवे । वारह रोज मुकाम किया । मगर दिल्लीमै नहीं आया । दिल्ली के वाहर वाग मै डेरा किया था । सो दिल्लीमे जो कामका बिल वनवानेकी थी उसका सरजाम कर्कै ज्येष्ठ शुदि प्रतिपदा रोजमे दिल्लीसे कूच कर्कै लाहौरको गया । आजतलक चिठी लाहौरसे कोइ आइ नही है । वास्ते यतिलाहके अरज रखता हुं । बन्दा सरकारकै चरणोसे बडो ताबिसका उमेदवार है जो कार खिजतम मेरै लायक हो यसो । सरकारसे आज्ञा होतीरहे । तो मेरै हक्कमे बेहेतर है पर्चा अखवारका मैंने अर्जीके साथ भेजाहै सो सरकारमे पहुचता है । सं. १८९३ द्वि आषाढ वदि १ रोज ३

अर्जीवाला शंकर ब्राह्मणकी

अंजि... ... .... ... ... ... ... ...

उप्रान्त गरीवको साथमा रह्याका ढाक्न्याहरुमध्ये ७ पगरी हुद्दा र केही सीपाही सीलगढीमा थामी वाकी १५।१६ ढाक्न्या सीपाही साथमा ली अल्मोडा जान्या काम गरियो सोरको लेपनमा कपतान होम साहेबसंग भेट मुलाकात हुंदा भया पायाको खवर बिस्तार नेपालबाट जर्नेल साहेव बेलायेत जान्छन् भन्या छापा खवरमा लेषि आइरहेछ खवर निस्तुक हो कि भनी सोध्यो र दा...को येक वास्ता छ येस बेलामा जेहाज समुन्द्र बेलायेतको सयेरलाईं जनरल साहेव बंवाहादुर-को कुच हुन्छ भन्या खवर डोटीमा पनि छ हाल कुच भयाको छैन सयेरको वास्ता बेलायेत जानलाई वादसाहबाटको हुकुम पनि चाहियला कि भनी सोधनी गरियो र हुकुमको दर्कार छैन कलकताका बडा सट कलप साहेवबाट रपट लेषि-जाला भेट भ्रष्टाचारलाई गयामा वादसाह बहुत खुस हुनन् भनि विस्तार गऱ्यो जाहेर होला बाँकी मुलुकी कामको लाठ गवरनर साहेब बेलायेतबाट हीड्याको छैन तजबीज हुंदैछ हाल गवरनरीको काममा सटकलप साहेव छन् जंगी कामका लाठ जनरल फ्रीन साहेव बेलायेतबाट आइपुग्या कलकतामा दाखिल छन् जगाजगामा रहयाका पल्टन कंपु कोटको सयर गर्दै चातुर्मासाभा सिम्ल्या गै बस्न्या छन् दिल्लीमा फरेजं साहेव मान्यावापत फीरोजपुरको नवाफ र मान्र्या सिपाही करमषाई दुईलाई फासी भयो बाँकी

जैपुरको राजालाई कारिन्दाहरूले जहर दी मान्याको थियो राजाकी रानीसंगको भेट मुलाकातलाई मदराजमा रहन्या छोटा वडा २ साहेब गयाका रानीसंग भेट मुलाकात गरी फीर्दा दगा गरी भाला तरवार चलाई वडा साहेवको शिरमा तरवार लागी जीमीमा गिर्दा उनैका सहरवासी ब्राह्मनहरूले छिपाई वडा साहेबलाई बचाया छन् छोटा साहेव र साथका अर्दली नोकरचाकर समेत मारिया छन् येस कुरामा लाट साहेवबाट च्युव तक केही हुकुम दियाको छैन जो हुन्छ भनी येती खवर विस्तार कपतान होम साहेवले गन्यो सो जाहेर होला अब ४ मजलमा अलमोडा पुगिन्या छ पायासुन्याको कच्चापक्का खवर जाहेर गरी पठाउंदै रहुंला दर्दको अर्थ साथका ढाक्न्याहरूको समेत पालना हुन्या र गरीवको हुर्मत बचन्या पाठको निगाह राखी बक्सनु हुन्येछ.............

इत गरीव चतुर्भुज मल्लको सलाम
९२ साल मार्ग वदि १ गुरौ सोर रस्ता शुभम्......

भत्यषाको भाई कास्मेरको सुवा हाजी अमीर जाकत षाँले काजी रणजोर थापालाई लेख्याका षतको नक्कलको तर्जमा.... ... ... ... ... ... ...

दोस्तीका चिह्नले युक्त भै दयावन्त भयाका यस्ता काजी रणजोर साहेवलाई ईश्वर कुशल राखुन उप्रान्त राजा साहेवका अर्जी पुग्दामा वादशाहबाट नजर गरिबक्सनु हुंदा राजा साहेवका गुणानुवाद प्रष्यात भै वादशाह खुसी हुन गयो औ अघिदेखिन् पनि राजा साहेवको धाक र दर्जा हुजुरमा जाहेरै थियो मैले पनि राजा साहेवका तारीफ र सिफारत गन्या वादशाहबाट पनि षिलअतको हुकुम भयो तेसै विचमा पाहाडतिरका मोहिम आइपर्दा शत्रुलाई मार्नाका निमित्त वादशाह पाउलाग्नु भयो लडाईका तरखरमा लागिबक्सनुभयाको छ अब उप्रान्त जो अर्जी राजा साहेवका आवनान् ईश्वरका अनुग्रहले अर्जीका जवाफका संगमा षिलअत पठाइबक्सनुहुन्या छ आजकाल औ दसकतमा लागन्या षास छाप वादशाहका जेपमा रहन्छ उसै छापले सहित पठायाको छ जसमा वादशाहको ठूलो मेहरवानी हुन्छ तेसै छापले दसकत हुन्छ आफ्ना मुलुकमा वादशाह जस्ता छन् लेषवतमा पनि शाह लेषिदो रहेछ वडा राजा रह्या छन् भनी मैले बिन्ति गर्‍याँ जोना जगामा दुबैतिरको दोस्ती हुन्छ लाल अक्षरले लेषि येही छाप लाग्छ ती वादशाह हुन् तसर्थ आफ्ना प्रतितका मानिस ढिल नगरी पठाउनु उप्रान्त काल आफ्ना बसमा रहोस् ... ... ... ...

धाक र पुरुषार्थले युक्त भै अमीर सर्दारी गर्नामा सामर्थ भयाका नाना प्रकारका फत्यहर यसको दर्वाजा येकस्व भावनाले सहित काजी रणजोरका उपर खुलदो रहोस्...

अर्जि ... ... ... ... ... ... ... ...
उप्रान्त चैत्र शुदि ९ रोज ५ का दिन लेषियाको कृपापात्र वैशाख वदि १ रोज ४ का दिन आइपुग्यो अर्थ शिर चडायौं उप्रान्त पडरी पश्चिमका दिनबाट कर्णेललाई तिमीहरूले लेष्याको चिठी विजिनिस हाम्रा हजुर दाषिल भै सुरत जाहेर भयो मर्चवार गैरह हाम्रा कब्जाको जगा थामी साधसोध गर्न्या पाठका कुरा जसले गर्दा चाहिन्या कुरा गरी डेरा उठाउन्या काम बढियै गर्‍याछौ ताहाँदेखि स्युराजसंमको साध सोझ्याउंदा मर्चवार तालुक गैरह टेढो वाँगो भै कुना पस्न गयाको जगामा पनि अवादि वइरानी वरोबर भै आउंछ भन्या बढियै हो आफुबाट भन्या तालुकको तालुक बढिया जगा लिन्या उसले सट्टा दियाको जगा घटिया वइरान मात्र पार्न्या डबल गर्‍यो भन्या त्यो कवोल नगर्नु मिठा पाठले सवाल गरी अडी सो विस्तार कर्णेललाई लेषनु कर्णेलले हाम्रा हजुरमा विन्ति गरि पठाउला र गारनछेउ गर्न्या कुरा गरि लेषन्या कुरा लेषिजाला सोमाफिक गरौंला भनि मर्जि आयाका अर्थ बढिया मर्जि आयेछ तिनाउदेषि तजवीज गर्दै अर्रानदी संम पुग्याको र अर्रानदीदेषि सिवानवंदीको निशाना गर्दै वाण...१...संम आइपुग्याको स्युराज षजहनीको सिवाना रफा भयाको विस्तार हिजो रवाना भयाको अर्जी र कर्णेललाई लेष्याको चिठी विजिनिस पुगी जाहेर भयो हो ई दुई तालुकको सिवाना रफा भयाको डवलमा भन्या बढियै पाठ ली राषेछ बोल्याका कुरामा तफावत गर्ला भन्या जस्तो लाग्दैन पालपा वाँसीका राजागैरह उसतरफका मानिसले गर्‍याका कुरा पछि लागी बोल्याको धरान छाड्न यसो भन्या मर्जि आयाबमोजिम याहाँ अडी सुस्त्याई साधन्या काम गरौंला सरासर सिवाना हुन पाया ५।७ दिनमा सबै

रफा हुन्या थियो... २. मा रहन्या गोरा पल्टनको कप्तान डांकमा आई सिकार खेलन लाग्दा जससमेत अलमलियो र २।४ दिनको विलंव हुन गयो तापनि यससित चर्को पान्र्या र सिवानामा वितलव पर्न्या काम हवैन भन्या जस्तो लाग्छ यहाँ उप्रान्त जो होला सो विन्ति गरी पठाउंला अरू विस्तार कर्णेललाई लेष्याको चिठी विजिनिसले जाहेर होला सिक्षार्ती मेहेर हुदै रस्ता बढिया होला किमधिकं विज्ञ प्रभु चरणेषु मिति बैशाष वदि ३ रोज ६ मुकाम प्रगन्ना स्युषोर वाण...१...को तीर शुभम् .. .........

इत: सेवक प्रसादसिंह बस्न्यात शत्रुशाल शाहीकस्य कोटी कुर्णेस बंदगी सलाम सलाम सलाम

शुभचिन्तक गणपति उपाध्याकस्य वेदोक्त शुभ आशीर्वाद सहस्रम्... ... ...

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि राजभार सामर्थ चिरंजीव श्री भीमसेत थापा चिरंजीव श्री रणध्वज थापा के इत: श्री अमरसिंह थापाकस्य शुभाशीकपूर्वक पत्रमिदं यहाँ कुशल ताहाँ कुशल चाहिये पत्र आयो अर्थ मालुम भयो आगे यहाँको समाचार भलो छ उप्रान्त चैत्र शुदि १५ का दिन लेष्याको चिठी बैशाष वदि ३ का दिन आइपुग्यो जगतलालका नोगाइले मनिराजलाई लेष्यामा मिल्दै पाठ बुझिन्छ अंग्रेजको काजमा डिलाउन्या स्वभाव पनि होइन अब...पनि बुटवल पुग्नु भयो हो मिलन्या नमिलन्या सबै कुराको थाहा होला अमिनले भेट गर्न इच्छा राष्यो भन्या हुकुमबमोजिम भेट गर्न र मुलुकको चर्चा गर्न्या जात छ सुघरैसित छचल्काउन नपाउन्या पाठ गर्न हुन्या छ भनी लेष्याछौ विस्तार बुझ्याँ जगतलाल अंग्रेजको पेट नपायाको भया पनि मुन्सीको बुझ पाई होला कि भन्या जस्तो जाग्छ अब र...पनि पावलाग्नुभयो जानकार कागजपत्र पनि याहाँका तयार गर्‍येको छ प्युठानाका मधेसका मनिराजले छिकाई आवैनन् भनी...को चिठी लेषि मानिस हात्तीसमेत पठायाको ३।४ दिन भयो अबका १।२ दिनमा आइपुग्नन् यो र स्युराजको सिवाना रफा भयाको दोहरै लेषपन्ह भै छाप सहि लाग्याका कागत मनिराजले लेष्ता...थैं पठाइ दियाथ्याँ उ कागत नपुगी...बाट लेषि पठाउनु भयेछ हिजै पुग्यो हो मुलुकको चर्चा गर्न्या जात छ अमीनले भेट गर्न इच्छा राष्यो भन्या हुकुमबमोजिम भेट गर्न जानैहुन्या छ भनि लेष्याका अर्थलाई जोग्य हो यसले लडाई मारी लियाको मुलुक थोरै छ धेरै मानिससित मिली पैसा ष्वाई मुषले मिठ्यासै राषी अम्वल गर्‍याको छ हुनकन भन्या यो अनविश्वासी जात छ भेट गर्नका कुरा भनी पठायाको पनि अमीनसंग भेट भै कुरा कहानी केही नहुंदा जर्नेलसित भेट नगरी इन्का हात हुन्या रहेनछ भन्या बुझी भेट गर्न षोज्याको हो अव र. . . . पावलाग्नुभयो चिठीको प्रतिउत्तरमा पनि बढियै श्रेष्टाचार लेषिपठायाको हो चिठी हेरी षुसी भय छ. . . .आवनुभयो कामलाई देरी हैन चाँडै होला हाम्रो बहुत तरहसित सलाम लाइदियां भनी नागर द्वान्या र प्रतिमन राना हात भनि पठायेछ अब भेट गर्नाको कुरा गरेन कदाचित् गर्‍यो भन्या पनि. . . .लाई लेष्याको छ मिठासै पाठसित बुझाउनुहोला. . . .बाट हाल रोवकारी गर्दा मुन्सी मुसुद्धि गैन्हालाई थोरबहुत दी इजहारको सुर वाधनु पर्ला कसबाट ली काम लाउं भनी लेषनु भयाको रहेछ याहाँ ६९ सालको आंदानीले कम्पनीको तनुष्वाह भर्ना गर्न पनि नपुग्दा हजुरमा बक्साई तिमीहरूलाई लेषी १ कम्पनी षारीज गर्‍याको हो काजको सुर हेरी अरू १ कम्पनी षारीज नभया निर्वाह चलन्या छैन ७० सालको पजनी भन्या भयाको छैन नगरू ज्याका सलामी मध्ये हजार रूपैयाँको पैसाठी जो आज आयाका छन् यसै मध्ये. . .बाट मागिपठाउनुभयमाफिक देउ भन्या मेरा नाउंमा चाहियाको जर्नेलवै मागिलेउ भन्या. . .लाई मोहर आया बढिया होला ज्यादा के लेषौं विस्तार. . .का अर्जी चिठीले बुझौला किममिकं मिति बैसाष वदि ६ रोज ४ मुकाम पालपा श्री नगर शुभम् . . . . . . .

विन्तिपत्र . . . . , . . . . . . . . . . . . . . . . . . .
उप्रान्त श्री बुवाज्यू नापीका मुद्दामा मलाई लेषिबक्स्याको चिठी पालपाबाट ठाडातर्फ आउन्या बेलामा आयाको हुनाले केही दिन पहुच लेषनालाई ढिला भयाको थियो पछि सोही वेहोरामा सुब्वा धर्मदत्त उपाध्याका नाउंमा लेषि आउंदा मेरा चिठीको पहुंच र सुब्वाको चिठी येकै मितिमा चलान भै गयाको हो पहुच नलेष्यावापत तिमीलाई जरिवाना

भयो भनी सुव्वालाई जरिवाना भै आउदा मैले लेष्याको चिठी पनि हजुरमा पुगेनछ कि भन्या संदेह लाग्यो मैले यहाँबाट चाहिन्या कुराको निक्सारीपैसारीको धेरै कुरा विन्ति चढाई पठायाँथ्याँ यौटा कुरा पनि निकासी भै आयेन चिठी नपुगी हो कि फुर्सत नभै हो अरू अरू चिठी पनि पुगेनछन् कि भन्या संधेह लागिरहेछ मैले अघि चढाई पठायाका पहुचको मसौदाको नकल यही चिठीमा षामी चढाई पठायाको छु नजर भै जाहेर होला नापीका मुद्दामा अमला चौधरी जिमिदारहरूलाई शिक्षाबमोजिम सोद्धा चौधरी जिमिदारहरूले रिपोट दिया र सो रिपोटको नक्कल येही चिठीमा षामी चढाई पठायाको छु नजर भै जसमाफिक गर्नुपर्न्या हो सिक्ष्या बक्स्या सोमाफिकको सवाल चढाइ पठाउंदा हु आज आयाको षवर फिलस्तले जाहेर होला ज्यादातर्फमा तलमाथि पऱ्याको माफ बक्सि सिक्षा मेहेर हुंदै रस्ताजावस् विज्ञचरणेषु किमधिकम् . . . . .

इतः श्री मद्राजकुमार कुमारात्मज श्री लेफटेन कर्णेल ललितजंग वहादुर राणाको कोटि कोटि साष्टांग दण्डवत् सेवा सहस्रम् शुभम्... ... .... ... ... ...

| श्री ५ सरकार | श्री ३ महाराज |
|---|---|
| २ | १ |

अर्जि ... ... ... ... .... ... ...

उप्रान्त गरिप्रवर करुणानिधान हजुरबाट लेषिबक्स्याको बडापत्र र कबुलियत अडामा आईपुग्यो भन्या षवर मात्र सुनियो...१...बाट लकडि लिन्या माहाजन र कागतपत्र ली हाम्रा सवारीमा चाडो आउन्या काम गर भन्या बेहोराको लेषिबक्स्याका वडापत्र आइपुग्दा सो लकडी विक्री गर्नालाई कागतपत्र माहाजनसमेत ...१...का सवारी थपरघट्टासंम आयाको हुनाले हजुरबाट लेषीबक्स्याका बडापत्र र कबुलियत म भयाका ठाउंमा आइपुगेन तापनि हजुरबाट बक्स्याका कामदार कारिन्दा ली सुभचिन्तकका बुद्धिले भेटेसंमको कामकाज गर्नामा मेरो मंजुर छ कचहरीमा पुग्यापछि सो कबुलियतमा सहिछाप गरी हजुरमा चढाइ पठाउन्या काम गरुंला गरीप्रवर दैवीसम्म केहि चलने छैन हाम्रा दमले ढाकेसम्म हजुरबाट बक्स्याका मद्दतले पुगेसंम...१...को निमक संची भरमगदुर गर्नेछु जो मर्जी...

शुभचिन्तक कपतान जीवनाथ पाध्याको चतुर्वेदोक्त शुभ आशीर्वाद स्वस्ति सतं सहस्रम्... ... ...

| श्री जंवरजंग | श्री जलेश्वर |
|---|---|
| १ | २ |

अर्जि ... .... ... ... ... ... ...

उप्रान्त महाराज करुणानिधान प्रभू मेजर कपतान दशरथसिंलाई पक्रि नेल ठोकी ल्याउनु भनी...१... पल्टनका हुद्दा सिपाही आउँदा निज मेजर कपतान फेला नपर्दा चौरिया र दरभंगातर्फ ...२... अमिनिका सिपाही ठाउँठाउँमा पठाइराख्याको छु सिपाही आयापछि जस्तो षवर आउला आपना पानीमा भेट्या सनदवमोजिम नेल ठोकी चलान गर्न्या र मोगलानाको पता लाग्यो भन्या सोमाफिक विन्ति चढाइपठाउन्या काम गरुंला भन्या मुद्दाको श्रावण शुदि १४ रोज ६ मा चह्राइ पठायाका अर्जिपत्रले जाहेर भयो हो हाल र दरभंगातर्फ जान्या सिपाही नआउँदा बयान आयेन भनि फेरि सिपाही १ पठायाको थियो अघि जाने सिपाही उहिं बसी पछि जाने सिपाही फर्कि आउँदा निज सिपाहीका हात मजकुर मेजर कपतान दशरथसिंले भाद्र बदि ७ रोज ७ मा मेरा नाउंमा लेख्याको चिठिको नकल यही अर्जिपत्रमा षामी चह्रायाको छु जाहेर होला मोगलानामा धरपकर गर्न नहुन्या हुंदा अघि गयाको सिपाही निजका साथैमा छ ५।७ दिनभित्र निज मेजर कपतान दशरथसिं आया भन्या चलान गरी पठाउन्या छु आयेनन् भन्या सोमाफिक विन्ति जाहेर गरी पठाउन्या काम गरुंला निज मेजर कपतान दशरथसिं मोगलानाको बाटो बरेवा निस्कन्या गरी जान्छन् कि भनी संकाले ताहाँबाट आयाका पल्टनियांहरू भाद्र वदि ८ रोज १ का दिन याहाँबाट कल्यातर्फ गया पल्टनिया हिड्याका भोलिपल्ट निज मेजर कपतानको चिठी यहाँ आउंदा जाहेर गरी पठायाको छ जो हुकुम लेख्दा हरफको उचनीच भूलचूक क्षमा रही गातका कुसल मंगलसहित सिक्षादि करुणा भया सिर चह्राइ काम गरुंला विज्ञ वर प्रभु चरणारविन्दयुगलेषु किमधिकम् ... ... ... ...

अर्जि ... ... ... ... ... ... ....
उप्रान्त गरिपरवर करुणानिधान प्रभु हजुरका गातका कुशल मंगलले मेरो प्रतिपाल उद्धार होला लेफटेन दिजमान घर्ति क्षेत्रीसंग लेफटेन तेजमानसिं थापा क्षेत्रीले लिना सामा कंपनी रु. १२०० छन् भन्या मुद्दामा इजहार टक्सारमा चढायाको छ तिम्रा मानिसलाई ताकिति गरी जहाँ छ पक्री कायम छ भन्या साउं सुतसमेत उठाइ यहाँ पठाइदिनु उजुर गर्छ भने निज लेफटेनलाई याहां पठाइदिनु भन्या मुद्दाको रुक्का दस्कत र हजुरबाट पठाइबक्स्याको वडापत्र आषाढ शुदि ८ रोज ५ मा दर्शन पाउन्या मात्र चौरियामा सिपाही पठायां पत्रियापछि अदालतमार्फत पठाइबक्स्याका रुक्का दस्कत बाची सुनाई रुपैया दिया भन्या रुपैया र निज लेफटेनलाई सिपाही साथ लगाई अदालत टक्सारमा पठाइदी हजुरमा जाहेर गरी पठाउला भन्या मुद्दाको श्रावण बदि ५ रोज ३ मा अर्जिपत्र चढाई पठायाकोले जाहेर भयो हो हाल निज लेफटेन दिजमान घर्ति क्षेत्री चौरिया रह्याका छन् र सिपाहीले पक्री ल्याई सो रुक्का दस्कत बाची सुनाउदा म रुपैया दिन्या होइन मेरो उजुर छ येति २ मैन्हा वर्षा थामिदिनुहवस् र वाहाँपछि नेपालमा गै फसेला गरुंला भन्थ्या मैले रुक्का बडापत्र आयाकामा तिमिले रुपैया नदियापछि हामी थामन सक्तैनौ नेपाल जाउ भनी सिपाही जगविरलाई निज लेफटेनका प्यादा लगाई आज जलेश्वरबाट चलान गरी पठायाको छु अदालत टक्कारमा दाखिल भयापछि सुब्बा रामनाथ उप्रेतिले जाहेर गर्न्याछन् ज्यादा गातका कुशल मंगलसहितको सिक्षाति करुणा वक्स भया सोबमोजिम गर्दाहुं विज्ञवर चरणारविन्दयुगलेषु किमधिकम् ... ...

| श्री ५ सर्कार | श्री ५ चीनवादशाह |
|---|---|
| १ | २ |

अर्जि ... ... ... ... ... ....
उप्रान्त करुणानिधान मार्ग शुदि १५ रोजसौ लगायत पौष शुदि १५ रोजतक मैन्हा १ को स्याहा रोट षडा गरी येस अर्जिका संग चढाई पठायाको छु दाखिल होला यहाँका अम्बाहरूबाट गोर्षाका काजि सौगात ली आगे साल्मा चीनतर्फ आउन्या पालो हो विच बाटामा सडाइसडाइ क्या छ कसो छ क्या हुकुम हुन्छ भनी ... २ ... का हजुरमा साधिपठायाको फाल्गुन मैन्हाभरमा सो जवाफ आउला भन्छन् भनी अघि विन्ति चढायाको हो सो बेहोरामा बीच बाटामा झगडा लडाइ केहि छैन गोर्षाका काजि आउनु हुन्छ भनी ... २ ... बाट हुकुम भै आयो यो कुरा अम्बाहरूबाट बाहिरफेरा जाहेर भयाको छैन भन्ने भित्री संक्षेप गल्वा गर्छन् औ हिजआज याहाँ ह्लासामा सांषै गुम्बाको लामालाई र अन्त गुम्बाका बडा बडा जान्ने लामाहरूलाई भोट सर्कारबाट झिकाई अनेक तरहको यज्ञ धर्म गर्छन् हातहतियार बन्दुक पनि होम गरी पोलन्या वनात सिठन कपरा चावल गहुं जौ तिल अरू जरिबुटीहरू र अंग्रेजको र गोर्षाली चिनियाहरूको मुर्ति बनाई यस्ता तरहसंग होम गरि पोल्न्या बाहिरफेरा भने रोगव्याध नआवस् साम्त हवस् भन्ने धर्म गर्‍याको हो भन्छन् भित्रि संक्षेप भन्या लडाइ साम्मे हवस् वैरी हटोस् भन्ने बेहोराको यज्ञधर्म गर्‍याको हो भन्छन् यो कुरो तहकियात हो डुकपातर्फ पनि फेरि झगडा उठ्न लाग्यो भन्छन् अघि मर्‍या डुकपाको काजि पुनवा भन्नेका भाईछोरा र अरू मतियारहरू मिली हिजआजको प्याङसुपुला भन्ने काजिसंग लडाई गर्न्या मतलव गरी पुनवा भन्नेतर्फका र प्याङसुपुलापट्टिका डुकपाहरू यहां ह्लासामा बेपार गरी बस्याका थिया अघि मर्‍या डुकपाहरू सबै ह्लासाबाट डुकपातर्फ गया प्याङसुपुलापट्टिका मात्र ह्लासामा छन् अबउप्रान्त भैंबुं साहा गन्धे गुम्बागुम्बाका वांडा गैह्रले रकसि जाँड नषानु स्वास्नीको संगम नगर्नु धन धेरै हुन्याले जम्मा गरी नराख्नु वांडाहरूलाई चिया षुवाउनु धर्म गर्नु आफ्ना आफ्ना गुम्बामा बसि ध्यान पुजा पाठ गर्नु भन्ने वेह्रोराको सवाल भोट सर्कारबाट लेषि ह्लासा सहरका टोल टोलमा टांस्या औ गोर्षा ... १ ... को अफिम गैह्र माल असवाफ यहाँ धेरै रह्याको छ तपाइहरूका मुलुकमा भने आपसमा पनि बीच बीचमा अनेक तरहको झगडा उठन्या भयापछि गोर्षा ... १ ... को माल वितवल पर्ला तसर्थ यो माल चोरि भै वितवल पर्न्या छैन हामी जिम्मा लिन सक्तैनौ भन्छौ भन्या यो अफिम गैह्र माल षाल्मा घोडा लगाई सेवानासम्म पुन्याई देउ भनी ४ काजिहरूसंग कुरो गर्दा चोरि हुन्या छैन भनी हामी जिम्मा लिन सक्तैनौ भोट मुलुकका मालिक लामा गुरु हुन् उनको पनि चोरि हुन्छ बरु भोट सर्कारमा बिन्ति पारी लमि झिकाई त्यो माल सेवानासम्म पुन्याउन्या काम हामी गरौंला भन्ने जवाफ काजिहरूले अघि दिंदा सो बेहोराको अर्जि

अघि हजुरमा बिन्ति चढायाको थियाँ हिजआज फेरि कास्यालमा म गै १२ सालमा १० मुद्दाको अहद भै गोर्षा..,१... का वकिल ल्हासामा बस्नु कोठि पनि राख्नु भन्ने भयाको हो आज र गोर्षा...१... को माल गैह्र हामी जिम्मा लिन सक्तैनौ भनि तपाईहरूले भन्यापछि मेरा जियको जिम्मा लिन सक्छौ कि वक्तैनौ जिम्मा लिन सक्छौ भन्या म पनि बस्याकै छु बस्नेछु सक्तैनौ भन्छौ भन्या सो माल र मलाई सेवानासम्म पुऱ्याइदेउ म जान्छु भन्ने कुरा मैले गर्दा तपाईलाई कसैले दगा गर्न लाग्यो र तेसो भन्नुभयो माल अफिस घनमा चोर लाग्छन् ज्यूमा चोर लाग्दैनन् अघि भयाका अहदबमोजिम तपाईका जियको जिम्मा भोट सर्कारबाट अघिदेषि आजतक जिम्मा लियाकै छ केहि हुन्या छैन भन्या र मेरा घरमा आई घरका भित्तामा तारो थापी हान्दा घरका भित्तामा तारो थापि नहान मानिसलाई गोलि लागला भन्न जाँदा गोलि भयाको बन्दुक मतिर फर्काई हान्न लाग्दा सो बन्दुक हाम्रा मानिसले षोस्न लाग्दा याहांसम्म भयाको बेहोराको पनि पुर्पछे पाइन अरू पनि म बस्याको घरवरिपरि आई गोली हाली भन्याको बन्बुक हान्दैछन् तपाईहरूका पनि बिचबिचमा झगडा लडाई उठ्तैछ तिमीहरूतर्फका दुस्मन कसैका मनमा कुमति उठी यो वकिल कपतानलाई चोरि दगा गरि मारिदिउं र वाहांपछि गोर्षाको र भोटको ठूलो लडाइ होला भन्ने कोहि दुस्मनले तेसो गरे भने कसो होला भन्दा यो कुरा ता बढिया भन्नुभयो मानिसको मत यसै हो भन्न सकिंदैन यो ठूलो कुरो हो लामा गुरु राजा लामा भोट सर्कारका भारदार अम्बाहरू ई सवैसित भनी सल्लाहा गरी तपाईको चित्त बुझन्या र नविग्रन्या बेहोरा हामी गरौला अंसे हामी ४ काजिहरूले मात्र जवाफ दिन सक्तैनौ भनी राख्याछन् येस कुराको जवाफ पछि क्या दिन्छन् सो बुझी पछि विन्ति चढाउला हिजआज यहाँको हालसुरथ यहिसम्म छ पछि जो परिआउला बिन्ति चढाउला सेवकका अर्जिका बेहोरामा घटवड पऱ्याको होला क्षेमा करुणा राषिवक्स्याजावस् शुभमस्तु शुभम् .........